## मिति २०७७/०६/२४ गतेको जिल्ला विपद् व्यवस्थापन समितिको बैठकको निर्णयः

**प्रस्तावहरुः**

१. कोभिड-१९ को संक्रमण जोखिम व्यवस्थापनका सम्बन्धमा भएका काम कारवाहीको समिक्षा ।
२. चाडवाडको समयमा कोभिड-१९ को संक्रमणको जोखिम नियन्त्रण तथा रोकथाम सम्बन्धमा ।
३. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (DPRP)-२०७७ स्वीकृत गर्ने सम्बन्धमा ।
४. पहिरो रोकथाम तथा राजमार्ग सुरक्षा सम्बन्धमा ।
५. खोज तथा उद्धार सम्बन्धी स्थानीय तहमा तालिम सञ्चालन गर्ने सम्बन्धमा ।
६. अन्तर्राष्ट्रिय विपद् जोखिम न्यूनीकरण दिवस सप्ताहव्यापी रुपमा मनाउने सम्बन्धमा ।
७. विपद् पीडितलाई उपलब्ध गराईएको राहत रकम तथा जोखिम न्यूनीकरणका लागि उपलब्ध गराईएको तारजाली अनुमोदन सम्बन्धमा ।

**निर्णयहरुः**

१. कोभिड-१९ को संक्रमण जोखिम न्यूनीकरणका लागि जिल्लामा हालसम्म यस समिति, जिल्ला संकट व्यवस्थापन केन्द्र, जिल्ला कमाण्ड पोष्ट, पालिकास्तरीय संकट व्यवस्थापन केन्द्रले गरेका निर्णय एवं काम कबारवहीको सम्बन्धमा समिक्षा गरियो । सरोकारवाला निकाय एवं व्यक्तिहरुको सक्रियताको कारण जिल्लामा कोभिड-१९ को संक्रमणको जोखिम व्यवस्थापन भईरहेको र जनस्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्डको पालना सम्बन्धमा सम्पूर्ण जिल्लाबासीहरुले गर्नुभएको सहयोगको लागि धन्यवाद दिँदै आगामी दिनमा समेत सरोकारवाला हरुबीच समन्वयात्मक ढंगले जोखिम व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।
२. भारत लगायत तेस्रो मूलुकबाट PCR परीक्षण नभई आएका तथा संक्रमण लक्षण देखिएका अन्य व्यक्तिहरुलाई Holding/क्वारेन्टिन स्थलको व्यवस्थापन सम्बन्धित स्थानीय तहले गर्ने । कोभिड-१९ को संक्रमणको जोखिम कायमै रहेको र आगामी चाडपर्वको समय देश तथा विदेशबाट जिल्लामा मानिसहरुको आवागमन बढ्न सक्ने अवस्थाका सम्बन्धमा जनस्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्डको पूर्ण पालना गर्ने/गराउने, मानिसहरु जम्मा/भेला हुने प्रकृतिका कुनैपनि कार्यक्रम, सभा, सम्मेलन, खेलकुद गतिविधि, सांस्कृतिक कार्यक्रम (पिङ, देउसी, भैलो) आदि नगर्ने/नगराउने र संभव भएसम्म परिवारका सदस्यहरुमात्र सहभागी भई चाडपर्व मनाउन सम्पूर्ण जिल्लाबासीहरुलाई सबै स्थानीय तहले अनुरोध गर्ने ।
३. यसअघी जिल्ला सुरक्षा समितिको मिति २०७७/०४/३१ गतेको बैठकबाट पारित गरी समग्र जिल्लाको विपद् जोखिमको अवस्था, विपद् व्यवस्थापनका लागि पूर्वतयारी, विपद्जन्य घटना न्यूनिकरण सम्बन्धी रणनीति, विपद्को समयमा सम्पूर्ण विषयगत क्षेत्रहरुको आपतकालिन खोज/उद्धार/प्रतिकार्य योजना, स्रोत साधनको आंकलन, पीडित परिवारहरुलाई तत्काल राहत तथा

पुनर्स्थापना, सरोकारवाला निकायहरुसँगको समन्वय/सहकार्य साथै अनुगमन/मूल्याङ्कन लगायतका विषयक्षेत्रहरु समावेश गरी तयार पारिएको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (DPRP)-२०७७ स्वीकृत गर्ने । यसै योजनालाई आधार मानी सबै सरोकारवाला निकायहरुले जिल्लाको विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउँदै लैजाने । योजना मस्यौदा कार्यदलका पदाधिकारी, प्रकाशन सहयोगी नेपाल रेडक्रस सोसाईटी (PREPARE कार्यक्रम) र सहयोगी हातहरुको समुह (सहास) ओखलढुङ्गालाई धन्यवाद ज्ञापन गर्ने।

४. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (DPRP)-२०७७ मा विपद् संकटासन्नता (पहिरो जोखिम क्षेत्र) को रुपमा उल्लेख भएका जोखिमयुक्त स्थानहरुको तत्कालै स्थलगत निरीक्षण गरी जोखिम विश्लेषणका आधारमा सम्बन्धित स्थानीय तहसँग समन्वय र उपलब्ध स्रोत साधनको अधिकतम परिचालन हुनेगरी पहिरो रोकथामको कार्यक्रम संचालन गर्न भू-संरक्षण तथा व्यवस्थापन कार्यालय र जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय ओखलढुङ्गालाई निर्देशन दिने । साथै जिल्लामा भरपर्दो र सुरक्षित यात्राका लागि राजमार्ग सुरक्षा अन्तर्गत वर्षातको कारणले गर्दा राजमार्ग छेउछाउमा गएका पहिरोको तत्काल व्यवस्थापनका लागि सडक डिभिजन कार्यालय, हर्कपुरलाई निर्देशन दिने ।

५. लिखु गाउँ कार्यपालिका कार्यालयको च.नं. २७४ मिति २०७७/०६/१८ को पत्रबाट विपद् व्यवस्थापनका सम्बन्धमा आकस्मिक उद्दार कार्यका लागि पालिका अन्तर्गत प्रहरी तथा अन्य युवा स्वयमसेवकलाई आवश्यक तालिम उपलब्ध गराईदिन लेखि आएको सन्दर्भमा जिल्लामा हुने विभिन्न प्रकारका विपद्का घटनाहरुमा प्रभावकारी खोज/उद्दार गर्न राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, राष्ट्रिय आपतकालिन कार्य सञ्चालन केन्द्र (NEOC) संग समन्वय गरी जिल्लास्थित सुरक्षा निकायहरु समेतको प्राविधिक सहयोगमा जिल्लास्थित सबै स्थानीय तहमा पूर्वतयारी स्वरुप आकस्मिक उद्दार प्रशिक्षण सञ्चालन गर्ने । उल्लेखित प्रशिक्षण कार्यक्रमको व्यवस्थापन सम्बन्धित स्थानीय तहले नै गर्ने ।

६. राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको आठौं बैठकको निर्णयानुसार यहि मिति २०७७/०६/२७ गते **"विपद् जोखिम न्यूनीकरणमैत्री सुशासनः सुरक्षित भविष्यको लागि हाम्रो अभियान"** नाराका साथ अन्तर्राष्ट्रिय विपद् जोखिम न्यूनीकरण दिवस सप्ताहव्यापी रुपमा सबै स्थानीय तहले उपयुक्त कार्यक्रम गरी मनाउने।

७. जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी मार्फत जिल्ला विपद् व्यवस्थापन कोषबाट पछिल्लो समय तत्काल राहत स्वरुप विभिन्न विपद्का घटनाबाट पीडित ५ घर परिवारका सदस्यहरुलाई वितरण गरिएको रु ७५,०००।- (पचहत्तर हजार), राहत सामग्रीको रुपमा वितरण गरिएको ६० थान त्रिपाल तथा विभिन्न पालिका क्षेत्रमा पर्ने पूर्वाधार तथा जोखिमयुक्त स्थानको सुरक्षाको लागि उपलब्ध गराईएको १४० थान तारजाली अनुमोदन गर्ने ।